## जनकपुरधाम उप–महानगरपालिका

# स्थानीय राजपत्र

खण्ड : ४ संख्या : १२ मिति : २०७८/०१/१०

## भाग–१

### जनकपुरधाम उप–महानगरपालिकाको
### मर्मत सम्भार कोष सञ्चालन सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७७

**प्रस्तावनाः**

जनकपुरधाम उप-महानगरपालिका क्षेत्रभित्र रहेको भौतिक पुर्वाधार, सम्पदा आदिको समयमा नै मर्मत सम्भार गरी लागत प्रभावकारीताका माध्यमले खर्च मितव्ययीता र दिगो बनाउन आवश्यक भएको, मर्मत सम्भारलाई व्यवस्थित गरी नियमन गर्न र जवाफदही बनाउन वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी जनकपुरधाम उपमहानगरपालिकाको नगर सभाले यो मर्मत सम्भार कोष सञ्चालन ऐन, २०७७ बनाएको छ ।

१. यो ऐनको नाम "मर्मत सम्भार कोष सञ्चालन ऐन, २०७७" रहने छ ।

२. यो ऐन जनकपुरधाम उप-महानगरपालिकाको मिति २०७७/१२/३० गतेको नागरसभाको निर्णयानुसार तुरन्त लागू गरिएको छ ।

३. **बिषय र प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा :**

(क) "ऐन"भन्नाले मर्मत सम्भार कोष सञ्चालन ऐन, २०७७ सम्झनु पर्छ ।

(ख) "उप-महानगरपालिका"भन्नाले जनकपुरधाम उप-महानगरपालिका, नगर कार्यपालिकाको कार्यालय, जनकपुरधामलाई सम्झनु पर्छ ।

४. **उद्देश्य :** यो ऐनको उद्देश्य निम्नानुसार रहेको छ ।

(क) भौतिक पूर्वाधारहरुको दिगो रुपमा सञ्चालन भइरहने अवस्थाको सृजना गर्ने ।

(ख) स्थानीय श्रम सिप र प्रविधिमा मर्मत सम्भार गर्न सकिने ।

(ग) समयमा नै मर्मत सम्भार गर्दा थप धन जन र संरचनाको नोक्सानी हुनबाट जोगिने ।

(घ) संरचनाको तत्काल मर्मत सम्भार गर्न सकिने ।

५. **मर्मत सम्भार कोष व्यवस्थापन समितिको गठन :**

(क) मर्मत सम्भार कोषलाई बढि प्रभावकारी र भरपर्दो ढंगले सञ्चालन गर्न देहाय बमोजिमको एक मर्मत सम्भार कोष व्यवस्थापन समिति रहने छ ।

१. नगर प्रमुख - अध्यक्ष

२. प्रमुख प्रशासकीय अधिकृत - सदस्य

३. योजना शाखा प्रमुख - सदस्य सचिव

(ख) समितिको बैठक कम्तीमा ३ महिनामा एक पटक बस्नेछ र आवश्यक परेमा जुनसुकै बखत पनि बस्नेछ ।

(ग) बैठकमा आवश्यकता अनुसार कसैलाई आमन्त्रण गरी आमन्त्रित सदस्यको रुपमा राख्न सकिनेछ ।

६. **मर्मत सम्भार कोष व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार** : मर्मत सम्भार कोष व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

१. उप-महानगर क्षेत्र भित्रका विभिन्न पूर्वाधारहरुको प्राथमिकता तोकी मर्मत सम्भारको कार्यक्रम बनाउने ।

२. मर्मत सम्भार कोषमा रकम जम्मा गर्नको लागि श्रोत र साधनको खोजी गर्ने ।

३. मर्मत सम्भारलाई दिगो र भरपर्दो बनाउने उपायको खोजी गर्ने ।

४. मर्मत सम्भार गर्दा लाग्ने खर्चमा न्यूनिकरण गर्न तत् सम्बन्धि कार्य योजना बनाउने ।

५. सडक, ढल, खानेपानी, सिचाई, कलभर्ट, भवन, सम्पदा लगायतका क्षेत्रहरुको नियमित, पटके, आवधिक वा आकस्मिक मर्मत सम्भार/स्तरोन्नती सम्बन्धि व्यवस्थापकिय कार्यहरु गर्ने ।

६. पूर्वाधार मर्मत सम्भार/स्तरोन्नती सम्बन्धी कार्यको निरीक्षण गर्ने ।

७. **मर्मत सम्भार कोषको स्थापना** : मर्मत सम्भार कोषको नामले एउटा छुट्टै कोष स्थापना रहेको जसमा देहाय बमोजिमको रकम जम्मा हुनेछ ।

१. नेपाल सरकारबाट प्राप्त अनुदान रकम
२. प्रदेश सरकारबाट प्राप्त हुने रकम
३. नगर सभाबाट विनियोजित भएको रकम
४. राष्ट्रिय तथा अन्तराष्ट्रिय गैससहरुबाट प्राप्त हुने रकम
५. अन्य स्थानीय तह/सडक बोर्ड नेपालबाट मर्मत सम्भार बापत प्राप्त हुने रकम
६. उपभोक्तास समितिबाट निर्माण गरिने निर्माण कार्यहरुबाट कट्टा गरिने ३ प्रतिशतले हुन आउने रकम

८. **खर्च गर्ने कार्यक्षेत्र** : मर्मत सम्भार कोषबाट देहाय बमोजिमका क्षेत्रहरुमा खर्च गर्न सकिने छ ।

(क) ढल मर्मत सम्भार, ह्युम पाईप खरिद तथा मर्मत कार्य ।
(ख) वडा कार्यालय/सामुदायिक भवनहरु लगायत अन्य पूर्वाधारहरु मर्मत/स्तरोन्नती गर्ने ।
(ग) नालाहरु सरसफाई तथा मर्मत गर्ने ।
(घ) सडकका खाल्टाखुल्डी पुर्ने तथा मर्मत सम्भार/स्तरोन्नती गर्ने कार्य ।

(ङ) यस उप-महानगरपालिकाबाट सञ्चालन हुने अधुरो योजनाहरु सम्पन्न गर्नको लागि नपुग रकम थप गर्ने ।

## ९. खर्च गर्ने विधि र प्रकृया :

(क) एक पटकमा अधिकतम रु. १०,००,०००।- (अक्षेरेपी रु. दश लाख) सम्मको मर्मत कार्य/मर्मत सम्भार कोष व्यवस्थापन समितिको सिफारिशमा प्राविधिकको लागत ईष्टिमेट बमोजिम गर्नुपर्नेछ ।

(ख) कार्य सम्पन्न पश्चात प्राविधिक कर्मचारीबाट मूल्यांकन सिफारिश गर्नु पर्नेछ ।

(ग) आवश्यकता अनुसार अनुगमन प्रतिवेदन तथा आवश्यक पर्ने विल भर्पाईका आधारमा मर्मत गर्ने व्यक्ति/संस्थालाई भुक्तानी दिईनेछ ।

(घ) मर्मत सम्भार कोषको रकम प्रशासनिक खर्च, अनुदान तथा आर्थिक सहायतामा खर्च गर्न पाईने छैन ।

## १०. मर्मत सम्भारको लागि छनौटको मापदण्ड:

१. स्थानीयवासी तथा संघ संस्था समेतबाट मर्मत सम्भारका लागि माँग भई आएका योजनाहरु र उप-माहनगरपालिकाले आवश्यक ठानेमा नगर प्रमुखको आदेशमा मर्मत सम्भारका कार्य देहायका आधारमा प्राथमिकता निर्धारण गरी छनौट गर्नु पर्नेछ ।

(क) सबैभन्दा बढि क्षति भएको भौतिक संरचनाहरु ।

(ख) भौतिक संरचना तथा पूर्वाधारको महत्वको आधारमा ।

(ग) लाभान्वित हुने जनसंख्या वा घरधुरीको आधारमा ।

(घ) मर्मत सम्भारबाट हुने लाभको आधारमा ।

(ङ) सार्वजनिक भौतिक संरचनाको दीर्घकालिन उपयोगिता र आवश्यकताको आधारमा ।

(च) तत्काल मर्मत सम्भार गर्नुपर्ने आवश्यकताको आधारमा ।

(छ) आपतकालिन मर्मत सम्भार आवश्यकताको आधारमा ।

**११. संशोधन वा खारेजी:**

(क) मर्मत सम्भार कोष सञ्चालन ऐन संशोधन वा खारेज गर्नु परेमा नगर सभाबाट हुनेछ ।

(ख) यो ऐन उल्लेख भएको कुराहरुको हकमा यसै ऐन अनुसार र उल्लेख नभएको हकमा प्रचलित ऐन नियम अनुसार हुनेछ ।

प्रमाणिकरण मितिः २०७८/०१/१०

**लाल किशोर साह**
नगर प्रमुख

जनकपुरधाम उप-महानगरपालिकाद्वारा प्रकाशित मुल्य रु. ५/-